नेपाल सरकार

**शिक्षा मन्त्रालय**

# परीक्षा नियन्त्रण कार्यालय

**सानोठिमी, भक्तपुर**


फोन नं. ०१-६६३०७३९
०१-६६३०८१९
०१-६६३००७०
फ्याक्स: ०१-६६३११४६


## एसएलसी परीक्षा २०७१ मा समावेश हुनका लागि रजिष्ट्रेसन फाराम भर्ने भराउने सूचना ।

२०७० सालको शैक्षिक सत्रमा कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूले २०७१ सालको एसएलसी परीक्षामा सामावेश हुनका लागि रजिष्ट्रेसन फाराम २०७० जेष्ठ ११ गतेदेखि असार १० गते भित्र भर्ने, भराउने कार्यका लागि सम्बन्धित विद्यार्थी, विद्यालय तथा जिल्ला शिक्षा कार्यालयहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१ **विद्यालयहरूमा हाल कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूका लागि**

क. हाल कक्षा ९ मा नियमित विद्यार्थीको रूपमा अध्ययनरत विद्यार्थीहरूले शैक्षिक सत्र २०६९ वा सोभन्दा पहिले निम्न माध्यमिक शिक्षा परीक्षा उत्तीर्ण (कक्षा-८) प्रमाणपत्र र जन्मदर्ता प्रमाणपत्र संलग्न गरी पासपोर्ट साइजको फोटो टाँसी **२०७० असार १० गते** भित्रमा राजश्व शुल्क सहित आफू अध्ययनरत विद्यालयमार्फत फाराम भरी सक्नुपर्नेछ ।

ख. सम्बन्धित विद्यालयहरूले आफ्नो विद्यालयमा नियमित रूपमा अध्ययनरत विद्यार्थीहरूको नामथर, जन्ममिति, परीक्षा दिने विषयहरू ठिकसँग भरे नभरेको रूजु गरी पछिसम्म फरक नपर्ने गरी प्रमाणित गरी **रजिष्ट्रेसन नम्बर विद्यालय आफैले कायम गरी २०७० असार १५** गतेभित्रमा रजिष्ट्रेसन शुल्क बुझाएको बैंक-भौचर वा नगदी रसिद र समष्टिगत फाराम संलग्न गरी जिल्ला शिक्षा कार्यालयमा फाराम बुझाइसक्नु पर्नेछ ।

२. फाराम भर्ने विद्यार्थीहरू २०७१ सालमा एसएलसी परीक्षामा सम्मिलित हुँदा शिक्षा नियमावली (संशोधन सहित) २०५९ ले तोकेको उमेर ( २०५७ चैत्र मसान्त सम्मको जन्ममिति भएको ) पुगेको हुनुपर्नेछ ।

३. **रजिष्ट्रेसन शुल्क प्रति विद्यार्थी रू. १५०।–** तोकिएको छ ।

४. **जिल्ला शिक्षा कार्यालयहरूले** फारामसाथ विद्यालय मार्फत प्राप्त रजिष्ट्रेसन शुल्क- **२०७० असार मसान्त**भित्र बैंक दाखिला गरिसक्नुपर्ने छ ।

५. विलम्ब शुल्क तिरी फाराम भर्ने भराउने व्यवस्था नगरिएको हुँदा उक्त म्यादभित्र फाराम भरी भराइसक्नु पर्नेछ ।

६. यो फाराम एसएलसी परीक्षा २०७१ मा समावेश हुनका लागि आफ्नो नाम दर्ता गर्ने प्रयोजनका लागि भएकाले यो फाराम नभर्ने विद्यार्थीहरूले २०७१ सालको एसएलसी परीक्षामा सामेल हुन पाउने छैनन् ।

७. अन्य व्यवस्थाको हकमा माध्यमिक शिक्षा उत्तीर्ण (एसएलसी) परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका (दोस्रो संशोधन सहित) २०६८ अनुसार हुनेछ ।

८. **जिल्ला शिक्षा कार्यालयहरूले** आफ्नो जिल्लाभित्रका रजिष्ट्रेसन फाराम भर्ने- भराउने माध्यमिक विद्यालयहरूबाट सम्मिलित विद्यालयगत विद्यार्थी सङ्ख्या र राजश्व विवरण **२०७० श्रावण २५** गतेसम्म परीक्षा नियन्त्रण कार्यालयमा पठाइसक्नुपर्ने छ ।

९. विद्यार्थीले रजिष्ट्रेसन फाराम भर्दा आफू नियमित रूपमा अध्ययन गरिरहेको विद्यालयबाट मात्र भर्नु पर्ने छ । एक भन्दा बढी विद्यालय/जिल्ला /स्थानबाट भरेको पाइएमा दुवै तर्फको फाराम स्वतः रद्द हुनेछन् ।

**विलम्ब शुल्क तिरी फाराम भर्ने भराउने व्यवस्था गरिएको छैन ।**

**सम्बन्धित सबै क्षेत्रीय शिक्षा निर्देशनालयहरूले यसै सूचना बमोजिम आफ्ना क्षेत्र अन्तरगतका जिल्लाहरूलाई रजिष्ट्रेसन फाराम भर्ने-भराउने आवश्यक व्यवस्था, अनुगमन, समन्वय र सहयोग मिलाउनुहुन अनुरोध छ ।**

**नियन्त्रक**